मितिः २०८३/०२ /२४ बैठक संख्याः१५

**प्रस्तावहरुः**

१. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

२. नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा।

३. इलेक्ट्रिसियन हेल्परको पारिश्रमिक भुक्तानी सम्बन्धमा।

४. सवारी दर्ता रोक्का सम्बन्धमा।

५. विपत् प्रतिकार्य पूर्व तयारी सम्बन्धमा।

६. संगठन तथा व्यस्थापन सर्वेक्षण सम्बन्धमा।

७. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी विद्यार्थीहरुलाई सम्मान गर्ने सम्बन्धमा।

मितिः २०८३/०२ /२४ बैठक संख्याः१५

**निर्णयहरुः**

| क्र.स. | निर्णयको संक्षिप्त बेहोरा |
|---|---|
| १ | यस भन्दा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णय कार्यान्वयनको अवस्था बारे समीक्षा गरियो निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो। |
| २ | सियारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको मस्यौदा समयमै र व्यवस्थित रूपमा तयार गर्नुपर्ने भएकोले गाउँ कार्यपालिका अन्तर्गतका विषयगत समितिहरूलाई नेपाल सरकार, लुम्बिनी प्रदेश सरकारका आवधिक लक्ष्यहरू र गाउँपालिकाको उपलब्ध स्रोतको अनुमानलाई ध्यानमा राखी आ-आफ्नो क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा प्रस्तुत गर्न विषयगत समितिका सदस्य सचिवहरुलाई जिम्मेवारी प्रदान गर्ने साथै, सियारी गाउँपालिकाको आगामी आ.व.२०८३/०८४ को लागि नीति तथा कार्यक्रम मितिः२०८३ असार ३ गते दिउँसो १४:०० बजे प्रस्तुत गर्ने र आगामी आर्थिक वर्षको वार्षिक बजेट मितिः२०८३ साल असार ८ गते प्रस्तुत गर्ने। |
| ३ | सियारी गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा रहेको बिजुली पोलहरुमा सडक बत्ति जडान तथा मर्मत कार्यमा इलेक्ट्रिसियन सहायकको सहायताको लागि २०८२ चैत्र देखि खटिनुभएका श्री राम बचन धोबीलाई दैनिक ज्यालादारीको प्रमाणित डोर हाजिरी बमोजिमको पारिश्रमिक भुक्तानी दिने। |
| ४ | नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको च.नं.४५९, मितिः२०८३/०२/१८ गतेको पत्रसाथ संलग्न पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभाग, मिनभवन, काठमाण्डौंको च.नं.प्र.१७९६, मितिः२०८३/०२/०७ गतेको सवारी दर्ता रोक्का सम्बन्धी पत्रको जानकारी प्राप्त भयो र सो सम्बन्धमा गाउँपालिकाबाट हुनुपर्ने कार्यमा आवश्यक समन्वय तथा सहकार्य गर्ने। |
| ५ | नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको च.नं.४६१, मितिः२०८३/०२/१८ गतेको पत्रसाथ संलग्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको च.नं.१०५, मितिः२०८३/०२/११ गतेको सम्भावित महामारीको पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धी पत्रको जानकारी प्राप्त भयो र सो सम्बन्धी कार्यमा गाउँपालिकाबाट सम्भावित महामारीको पूर्वतयारी गर्ने। |

| | |
|---|---|
| ६ | संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तथा दरबन्दी सिर्जना र पुनरावलोकनको कार्य, कार्यप्रकृति, कार्यबोझ र औचित्यका आधारमा वस्तुपरक बनाउन र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधार तथा प्रक्रियामा एकरुपता कायम गर्न सङ्घीय सरकारबाट स्वीकृत "संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२" बमोजिम सियारी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने प्रयोजनार्थ स्वीकृति प्रदान गर्ने । |
| ७ | सियारी गाउँपालिकाबाट प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि विद्यार्थीहरुलाई कर बाहेक प्रति खेलाडी रु.१५ हजार र केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि विद्यार्थीहरुलाई कर बाहेक प्रति खेलाडी रु.२५ हजार का दरले नगर पुरस्कार सहित सम्मान गर्ने । |